**कोरोना भाइरससम्बन्धी कर्णाली प्रदेशको अवस्था**
**सुर्खेत। ०७७ वैशाख २० गते**
कोरोना भाइरस प्रकोप न्यूनीकरणका लागि जिल्ला-जिल्लामा भएका प्रयास सम्बन्धमा इन्सेकका जिल्ला प्रतिनिधि मार्फत प्राप्त सूचनाको आधारमा जिल्लागत अवस्था विश्लेषण यसप्रकार छ।

**इन्सेक मुगु जिल्ला प्रतिनिधि जीवन सेजुवालका अनुसार** तीन स्थानीय तहले लकडाउनका कारण अलपत्र परेका आफ्ना नागरिकलाई उद्धार गरेका छन्।
अध्यन, रोजगारी तथा औषधी उपचारको लागि काठमाडौं, नेपालगञ्ज र सुर्खेतमा रहेका ६ हजार सात सय ६५ जनालाई कर्णाली प्रदेश सरकार र छाँयानाथ रारा नगरपालिका, सोरु र मुगुम कार्मारोङ गाँउपालिकाले उद्धार गरेका हुन।
बाहिरबाट आउनेहरुका लागि क्वारेन्टाइनको व्यवस्था गरेको भए पनि बस्न नमानेपछि उद्धार गर्नुपुर्व अनिवार्य १४ दिन होम क्वारेन्टाइनमा बस्ने सम्झौता गरेर मात्र उद्धार गरिएको छाँयानाथ रारा नगरपालिकाका प्रमुख हरिजङ शाहीले बताउनुभयो।

**इन्सेक हुम्ला जिल्ला प्रतिनिधि नन्द सिंहका अनुसार** जिल्ला बाहिर अलपत्र परेका हुम्लीहरुलाई वैशाख २० गतेदेखि हवाई मार्गबाट उद्धार सुरु गरिएको छ। सिमकोट, खार्पुनाथ र नाम्खा गाउँपालिकाका नागरिकहरुको मागलाई मध्येनजर गरी पर्यटन मन्त्रालयले नेपालगञ्ज र सुर्खेतमा लकडाउनमा फसेका हुम्लाबासीलाई हवाई सेवाबाट उद्धार गर्ने निर्णय गरेको थियो।
वैशाख २० गते सीता एयरमा सुर्खेतबाट ४८ र नेपालगञ्जबाट २७ जना हुम्ला पुगेका छन्। यस्तै नेपालगञ्जबाट समिट एयरमा १८ र तारा एयरमा ३४ गरी १ सय २७ जना हुम्ला पुगेका छन्। सीता एयरका म्यानेजमेन्ट डाइरेक्टर मनोज भारतीका अनुसार बाँकी रहेका केही व्यक्तिलाई पनि जिल्ला पुऱ्याइनेछ।
उद्धार गरिएका नागरिकलाई हुम्ला विमान स्थलको हेल्थ डेक्समा जाँच गरी सम्बन्धित स्थानीय तहमा पठाइएको सिमकोट गाउँपालिकाका स्वास्थ्य संयोजक दानबहादुर बोहराको भनाई छ।
यस्तै कर्णाली प्रदेश सरकारले सुर्खेतबाट पठाएकालाई क्वारेन्टाइनमा नराखिएपछि स्थानीयहरु त्रसित छन्। गाउँपालिकाहरुले आ-आफ्ना नागरिकलाई क्वारेन्टाइनमा राख्ने प्रतिबद्धता जनाएपनि त्यसो भएको पाइएको छैन। वैशाख १९ गते सर्केगाड गाउँपालिकामा एक सय ६ जना सुर्खेतबाट मुगु हुँदै हुम्ला पुगेपछि आ-आफ्नो घर गएका स्थानीय यज्ञबहादुर शाहीले बताउनुभयो।
हुम्लाको उत्तरी नाम्खा गाउँपालिकाका दुई विद्यालयमा लकडाउनका बेला पनि नियमित पठनपाठन भइरहेको छ। हिमालपारीको नामले चिनिने उत्तरी नाम्खा गाउँपालिका-६ लिमीको हल्जी र जाङ गाउँका भृकुटी प्रावि र सुनखानी प्राविमा नियमित पठनपाठन भएको हो।
नयाँ शैक्षिक सत्र शुरु भएको गत फागुनदेखि नै कक्षा सञ्चालन भइरहेको सुनखानी प्राविका प्रधानाध्यापक कर्णजीत बुढाले बताउनुभयो। वडा नम्बर ६ का अध्यक्ष पाल्जोर तामाङका अनुसार लिमी उपत्यकाको भित्री क्षेत्रमा बन्दाबन्दीको कुनै प्रभाव नरहेको र अन्यत्रका मानिस कोही पनि नआएको बताउनुभयो। शिक्षा विकास तथा समन्वय एकाइ प्रमुख विष्णुबहादुर शाहीले विद्यालय सञ्चालनबारे कुनै जानकारी नभएको बताउनुभयो।

**इन्सेक सल्यान जिल्ला प्रतिनिधि मिना बुढाथोकीका अनुसार** शारदा नगरपालिका १३ का वडा अध्यक्ष तुल्सीराम रावतले लकडाउन अझै थपिने अवस्था भएमा खाद्य संकट पर्न सक्ने भन्दै पूर्व सतर्कता अपनाएको बताउनु भएको छ ।
आफ्नो वडा भित्र रहेका विपन्न परिवारहरुका लागि वडाले विकासे बजेटको रकमबाट भएपनि खाद्यान्नको व्यवस्था गर्ने उहाँले भनाई छ । लकडाउन अवधिभर सुपथ मूल्यको पसल समेतको व्यवस्था गर्ने योजना रहेको उहाँले जानकारी दिनुभयो ।
वैशाख १९ गते शारदा नगरपालिकाकी उपप्रमुख सावित्रा बस्नेतको नेतृत्वमा सहायक प्रमुख जिल्ला अधिकारी नारायण लामिछाने, इन्सेक जिल्ला प्रतिनिधि मिना बुढाथोकी सम्मिलित अनुगमन टोलीले उक्त वडाका व्यापारी तथा स्थानीयसंग जानकारी लिएको थियो ।
यस्तै दार्मा गाउँपालिकास्थित सहकारीद्वारा सुपथ मूल्यमा उपलब्ध गराइएको चामल गुणस्तरीय रहेको गाउँपालिकाले जनाएको छ । स्थानीय व्यापारीबाट सहकारीद्वारा उपलब्ध गराइएको खाद्यान्न गुणस्तरहीन भएको गुनासो आएपछि गाउँपालिकाले नमूना सङ्कलन गरी परीक्षणका लागि खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय नेपालगञ्ज पठाएको थियो ।
सहकारीद्वारा वितरित चामलको बोरामा ब्राण्ड र लोगो उल्लेख नभएको पाइएपछि सो सम्बन्धमा चामल बिक्रेता चन्द्रसूर्य खाद्य उद्योग कपिलवस्तुले लकडाउनका कारण र तत्काल धेरै परिमाणमा चामल प्याकेजिङ गर्दा यथार्थ संकेतपत्र प्रिन्ट गर्न नसकिएको लिखित जानकारी दिएको छ ।

**इन्सेक कालिकोट जिल्ला प्रतिनिधि कालीबहादुर मल्लका अनुसार** लकडाउनका कारण दैनिक गुजारा गर्न समस्या भएका खाँडाचक्र नगरपालिकाका ११ वटै वडाका १ हजार ७ सय ४० परिवारलाई राहत वितरण गरिएको छ ।
समस्यामा परेका विपन्न परिवारको तथ्यांक संकलन गरी राहत वितरण गरिएको नगर प्रमुख जसिप्रसाद पाण्डेले बताउनुभयो । उनीहरुलाई प्रति परिवार ३० किलो चामल २ किलो दाल २ पोका तेल र २ पोका नुन उपलब्ध गराइएको हो ।

**इन्सेक जाजरकोट जिल्ला प्रतिनिधि दिनेशकुमार श्रेष्ठका अनुसार** बारेकोट गाउँपालिका २ लिम्सास्थित प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत मेडिकल अधिकृत डाक्टर नवीन सहानीलाई कुटपीट गर्ने स्थानीय तीन युवालाई प्रहरीले पक्राउ गरेको छ । मदिरा सेवन गरेका उनीहरुले वैशाव १९ गते राती सहानीलाई कुटपीट गरेका थिए ।
पक्राउ पर्नेमा स्थानीय सुरेन्द सिंह, चक्र बुढा र पदम नेपाली रहेको प्रहरी नायव उपरीक्षक किशोरकुमार श्रेष्ठले बताउनुभयो । राती आठ बजेतिर आफू बसेको कोठामा आएका उनीहरुले जाथाभावी गाली गर्नुका साथै कुटपीट गरेको डाक्टर सहानीले बताउनु भयो । दुई बर्षका लागि प्राथमिक स्वास्थ्य केन्द्र लिम्सामा खटिनुभएका पर्सा जिल्ला निवासी डाक्टर सहानी सरकारी छात्रवृत्ति कोटामा अध्ययन गर्नुभएको हो ।

**इन्सेक रुकुम पश्चिम जिल्ला प्रतिनिधि मनिषा केसीका अनुसार** मजदुर र विपन्न परिवारको लागि जिल्लाका ६ वटै स्थानीय तहमा शुरु गरिएको राहत वितरण अलपत्र परेको छ । तथ्याङ्क संकलन नभएको र गाँउमा बाली पाकिसकेकोले राहत वितरणमा ढिलाइ भएको स्थानीय तहहरुले जनाएका छन् ।

लकडाउन भएको लामो समयसम्म पनि राहत वितरण नहुँदा जिविकोपार्जनमा समस्या भैरहेको विपन्न परिवारको भनाई छ । त्रिवेणी गाउँपालिकामा तथ्याङ्क संकलन गरी चामल र नुन खरिदको सम्झौता गरिसके पनि राहत वितरणको काम हुन नसकेको गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत दिपेन्द्र रावलले बताउनुभयो । १० वटा वडाका ७ सय ५० विपन्न परिवारलाई राहत वितरणको तयारी भएपनि गहुँ स्याहार्ने समय भएकाले वितरणको काम रोकिएको रावलको भनाई छ ।
यस्तै सानीभेरी गाउँपालिकाले पनि तीन सय परिवारलाई राहत वितरण गर्ने निर्णय गरेकोमा अधिकांश विपन्न परिवारले राहत नपाएको गुनासो गरेका छन् ।

**इन्सेक दैलेख जिल्ला प्रतिनिधि अमर सुनारका अनुसार** कोरोना रोकथाम सम्वन्धी सचेतना फैलाउन बालबालिकाले आचार सहिंता बनाएपछि भैरबी गाउँपालिका-४ को सिलंगी गाउँमा सरसफाई सुधार भएको छ । गौरी मावि बालेकाँडाका बालबालिकाले बाल क्लवमा सिकेको ज्ञान, सीप कोरोना रोकथाममा प्रयोग गरेका हुन् ।
प्रत्यक घरमा गई साबुन पानीले हात धुने, घर बाहिर निस्कँदा मास्क लगाउने, व्यक्तिगत दूरी काम राख्ने, लकडाउनको पालना गर्नुपर्ने आचार सहिता टाँसेको बाल क्लवकी अध्यक्ष रेश्मा शाहीले बताउनुभयो ।
बालबालिकाले करिव ५० घरमा त्यस्ता आचार सहिंता टाँस गरेका र पालना गराउन पनि अभिभावकलाई आग्रह गर्ने गरेबाट सरसफाई सुधार भएको भैरबी गाउँपालिका-४ कि महिला स्वास्थ्य स्वयम् सेविका कृष्णा अधिकारीले सुनाउनुभयो ।

**इन्सेक जुम्ला जिल्ला प्रतिनिधि मानदत्त रावलका अनुसार** ०७६ चैत १० देखि जुम्ला भित्रिएका एक हजार दुई सय ९२ मध्ये पाँच सय ५० जना क्वारेन्टाइनमा बसेका छन् भने पाँच सय ५८ जना होम क्वारेन्टाइनमा बसेका छन् । क्वारेन्टाइनमा बसेर १४ दिनपछि चार सय ३९ जना घर फिर्ता भएको सहायक प्रमुख जिल्ला अधिकारी ओम प्रकाश देवकोटाले बताउनुभयो । जिल्लामा अहिले ७ सय ४४ बेडको क्वारेन्टाइन कायम गरिएको छ ।
यस्तै पाँच सय एक जनाको कोरोना परीक्षण गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको जिल्ला प्रशासन कार्यालय जुम्लाले जनाएको छ । लकडाउन उल्लंघन गर्ने ६ सय २५ सवारी साधन कारवाहीमा परेको जनाइएको छ ।

**इन्सेक डोल्पा जिल्ला प्रतिनिधि विष्णुप्रसाद देवकोटाका अनुसार** वन कार्यालय मातहतका दुई दर्जन बढी सामुदायिक वनमा यार्सागुम्बा संकलनमा प्रतिबन्ध लगाइएको छ ।
प्रतिबन्धपछि पनि कुनै व्यक्ति वा समूहले पाटनमा पुगेर यार्सागुम्बाको चोरी पैठारी गरेको पाइए कडा कारवाही गरिने वन अधिकृत जितेन्द्र महतले जानकारी दिनु भयो । अघिल्लो वर्षसम्म वन कार्यालय मातहतका करिब २० वटा सामुदायिक वनमा यार्सागुम्बा संकलन हुने गरेको थियो ।
डोल्पाली जनताको आर्थिक उपार्जनको मुख्य स्रोत नै यार्सागुम्बा भएकाले संकलन बन्द भएपछि आइपर्ने खाद्य संकटका विषयमा तीनै तहको सरकार जिम्मेवार हुनुपर्ने सरोकारवालाको भनाई छ ।
सरोकारवालाको वैठकमा प्रमुख जिल्ला अधिकारी सुरेश सुनारले डोल्पाली जनतालाई महामारीबाट जोगाउनकै लागि यार्सा संकलनमा रोक लगाइएको धारणा राख्नुभयो ।
**इन्सेक कर्णाली प्रदेश कार्यालय, सुर्खेत**